**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 01.02.2025**

**यो आकाशवाणी गान्तोक हो।**

**Budget: NSD**

केन्द्रिय वित्तमन्त्री निर्मला सितारमनले आज लोकसभामा 2025-26 को केन्द्रिय बजेट पेश गर्नुभयो। उहाँले बजेट पेश गर्दै, भारतको अर्थव्यवस्था संसारका सबै अन्य ठूला अर्थव्यवस्थामध्ये सबैभन्दा तीव्र गतिले बढिरहेको बताउनुभयो। साथै, उहाँले प्रस्तावित बजेटमा 10 प्रमुख क्षेत्रमा ध्यान दिइएको र बजेटको उद्देश्य सबैलाई समावेशी विकासका मार्गमा लिएर चल्नु रहेको बताउनुभयो। उहाँले यो बजेट विकसित भारतको आकाङ्क्षाद्वारा प्रेरित रहेको र विकासलाई गति दिन समर्पित रहेको जानकारी दिनुभयो। उहाँले सरकारको लक्ष्य आगामी पाँच वर्षमा रोजगार आधारित विकासलाई सक्षम बनाउनु हो। बजेटका मुख्य विशेषताहरू करमा छुट, पर्यटन विकास, कृषि, पूर्वाधार, शिक्षा र नवप्रवर्तन, स्वास्थ्य सेवा रहेका छन्। कर राहतमा नयाँ व्यवस्था अन्तर्गत 12 लाख सम्मको आयमा कुनै कर नलाग्ने, र तलब प्राप्त व्यक्तिहरूका लागि 12.75 लाख सम्मको आयकर छुट हुनेछ। पर्यटन विकासमा पचास प्रमुख पर्यटकीय स्थलहरूको विकास, परिमार्जित उडान क्षेत्रीय कनेक्टिभिटी योजना, र होमस्टे पर्यटन र बौद्ध पर्यटन सर्किट पहलमा जोड दिइएको छ। कृषिमा प्रधानमन्त्री धन-धान्य कृषि योजनालाई 100 जिल्लाहरूमा विस्तार गरिने, 1.7 करोड किसानहरूलाई लाभान्वित गरिने, र किसान क्रेडिट कार्ड योजना अन्तर्गत ऋण सीमा बढाइने। पूर्वाधारमा पूँजीगत खर्च विनियोजनमा उल्लेखनीय वृद्धि गरिने, अर्बन च्यालेन्ज फण्डमा ₹1 लाख करोड विनियोजन गरिने, र ब्याजरहित ऋण मार्फत राज्यहरूमा पूर्वाधार खर्चका लागि ₹1.5 लाख करोड प्रदान गरिने। शिक्षा र नवप्रवर्तनमा ५० हजार अटल टिंकरिङ ल्याबहरू, नेशनल सेन्टर अफ एक्सिलेन्स फर स्किलिङ, र आर्टिफिसियल इन्टेलिजेन्सका लागि उत्कृष्टता केन्द्र स्थापना गरिने। साथै, श्रीमती सीतारमणले बजेट प्रस्तुतिमा जल जीवन मिशनलाई विशेष महत्त्व दिँदै, यसको कूल बजेटीय परिव्यय बढाएर 67 हजार करोड बनाइएको जानकारी दिनुभयो। यो मिशन 2028 सम्मका लागि विस्तार गरिएको पनि उहाँले बताउनुभयो। साथै, देशको ग्रामीण जनसङ्ख्याको 80 प्रतिशत प्रतिनिधित्व गर्ने 15 करोड मानिसलाई 2019 देखि जल जीवन मिशनबाट फाइदा पुगेको वित्तमन्त्रीले जानकारी दिनुभयो। यस मिशन अन्तर्गत धाराबाट पिउने पानी उपलब्ध गराइने र आगामी तीन वर्षभित्र शतप्रतिशत जनमानसलाई धाराबाट पिउने पानी उपलब्ध गराइने लक्ष्य रहेको पनि उहाँले अवगत गराउनुभयो। यस मिशनको मुख्य ध्यान पूर्वाधारको गुणस्तर तथा **"जन भागीदारी"** को माध्यमद्वारा ग्रामीण क्षेत्रमा पाइपद्वारा पानी आपूर्ति योजनाको परिचालन गरिने पनि केन्द्रिय वित्त मन्त्रीले सूचित गर्नुभयो। नागरिक केन्द्रित जल सेवा वितरण सुनिश्चित गर्नका लागि राज्य अनि केन्द्र शासित प्रदेशहरूसँग अलग सम्झौता पत्रमा हस्ताक्षर गरिने पनि उहाँले जानकारी दिनुभयो। यस सन्दर्भमा उहाँले भन्नुभयो...

**CM-Budget: CM Facebook**

मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किमका जनताको तर्फबाट, प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणलाई राष्ट्रको आकाङ्क्षालाई प्रतिबिम्बित गर्ने परिवर्तनकारी र समावेशी बजेट प्रस्तुत गरेकामा हार्दिक आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, यो बजेट सीमान्तकृत समुदायलाई सशक्त पार्ने अनि युवा क्षमतालाई बढाउने र पर्याप्त रोजगारीका अवसरहरू सृजना गर्ने उद्देश्यले **ज्ञान** अर्थात् गरीब, युवा, नारी र अन्नदातामाथि जोड दिइएको विकसित भारततर्फ महत्त्वपूर्ण कदम हो। यसले नवाचार, आत्मनिर्भरता र स्वदेशी उद्योगहरूको विकासलाई बढावा दिँदै मेक इन इन्डियाको दृष्टिलाई पनि बलियो बनाउँदछ। उहाँले आर्थिक बृद्धिलाई उत्प्रेरित गर्न र सामाजिक कल्याणलाई माथि उठाउन उल्लेखित व्यापक पहलहरूले हाम्रो राष्ट्रको प्रगतिप्रति गहन प्रतिबद्धतालाई झल्काउँछ भन्नुभयो। उहाँले अझ भन्नुभयो, प्रधानमन्त्री मोदीको दूरदर्शी नेतृत्वमा, मेक इन इण्डिया पहललाई अगाडि बढाउँदै, जन-केन्द्रित अर्थव्यवस्था र पूर्वाधारको बृद्धि गर्नमा केन्द्र सरकारको अटल समर्पणले उज्यालो, थप समावेशी भविष्यका लागि मार्ग प्रशस्त गर्नेछ।

**BJP-Budget: Party Release**

बीजेपी सिक्किमले  पनि प्रधानमन्त्री नरेन्द्र मोदीका नेतृत्वमा केन्द्रीय वित्तमन्त्री निर्मला सितारमनद्वारा प्रस्तुत परिवर्तनकारी संघीय बजेट 2025 लाई हार्दिक स्वागत र प्रशंसा गरेको छ। यो दूरदर्शी बजेटले ग्रामीण र पहाडी क्षेत्रहरूमा विशेष जोड दिएर कर सुधार, कृषि, पर्यटन र पूर्वाधारको सुदृढीकरणमा केन्द्रित भई **"विकसित भारत"** को मार्ग प्रशस्त गरेको छ भनी पार्टीको विज्ञप्तिमा जनाइएको छ।

**Budget- Assistant Prof: RNU**

केन्द्रीय बजेट 2025-26 बारे नरबहादुर भण्डारी सरकारी महाविद्यालय, तादोङका सहायक प्राध्यपक सन्तोष बस्नेत भन्नुहुन्छ**.....BYTE……**

आज आकाशवाणी गान्तोकले श्री बस्नेतसित लिइएको अन्तरवार्ता पनि प्रसारित गर्नेछ। यसलाई आठ बजेर पाँच मिनेटमा सुन्न सकिनेछ।

**Sikkim Tourism-Portugal: Dilliram Dulal**

पर्यटन तथा नागरिक उड्डयन मन्त्री छिरिङ टी भोटियाले सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागका अधिकारीहरूका साथमा राज्य सरकारको विश्वव्यापी पर्यटन सम्बन्धलाई सुदृढ पार्न अनि सिक्किमलाई प्रमुख यात्रा गन्तव्यका रूपमा प्रवर्धन गर्नहेतु स्पेन र पोर्चुगलको भ्रमण गर्नुभयो। श्री भोटियाका नेतृत्वमा सिक्किमको उच्चस्तरीय प्रतिनिधिमण्डलले पोर्चुगलका लागि भारतीय राजदूत पुनीत रोय कुण्डलसँग हिजो लिस्बनस्थित भारतीय दूतावासमा छलफल गर्नुभयो। मन्त्री भोटियाका साथमा पर्यटन तथा नागरिक उड्डयन विभाग प्रमुख अभियान्ताद्वय, भारतीय दूतावासका प्रथम सचिव आशा एन्टोनी र रोनी पनि हुनुहुन्थ्यो। बैठकले पर्यटन प्रवर्धन, लगानीका अवसरहरू, र पर्यटन क्षेत्रमा सिक्किमको विश्वव्यापी उपस्थिति बढाउन बजार रणनीतिहरूमा केन्द्रित थियो। मन्त्री भोटियाले सिक्किमको पर्यटन सम्भाव्यतालाई जोड दिँदै, यसको अनुपम प्रस्ताव, लगानीका अवसर, र राज्य सरकारले घोषणा गरेका प्रोत्साहनहरूलाई जोड दिनुभयो। पर्यटन विभागका प्रमुख सचिव सीएस रावद्वारा सिक्किमको पर्यटन क्षेत्रबारे विस्तृत रूपमा प्रस्तुत गरियो। दुवै पक्षले अन्तर्राष्ट्रिय मञ्चमा सिक्किमको पर्यटन प्रवर्धन र बजार बढाउने रणनीतिहरूबारे छलफल गरे। राजदूत रोयले प्रमुख यात्रा गन्तव्यका रूपमा सिक्किमको सम्भाव्यतालाई स्वीकार गर्दै, सिक्किमलाई आफ्नो पर्यटन सम्भाव्यतालाई विश्वव्यापी रूपमा प्रदर्शित गर्नमा पूर्ण समर्थन  र सहयोग दिइने आश्वासन दिनुभयो। पोर्चुगल र स्पेनको भ्रमण सिक्किम सरकारको ठूलो अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन पहलको एक हिस्सा थियो। यसअघि, प्रतिनिधिमण्डलले स्पेनमा विश्वको सबैभन्दा ठूलो पर्यटन व्यापार मेलाहरूमध्ये एक **फितुर 2025** मा पनि भाग लियो, जहाँ उनीहरूले भारत सरकारको पर्यटन मन्त्रालयसँगको सहकार्यमा सह-प्रदर्शकका रूपमा सिक्किमको प्रतिनिधित्व गरे।

**Mangan-Certificate Programme: Wangchuk Bhutia**

समाज कल्याण महिला, बालबालिका, वरिष्ठ नागरिक र दिव्यांग व्यक्ति कल्याण विभाग, मङ्गनद्वारा IGNOAP, IGNWPS, IGNDPS, SCMUMS जस्ता विभिन्न योजनाहरूका लागि प्रत्यक्ष प्रमाणपत्रसम्बन्धी वार्षिक पुन: प्रमाणीकरण कार्यक्रम तिङचिम चाँदे जीपीयूमा आयोजित गरियो। उक्त कार्यक्रममा तिङचिम चाँदे GPU का सम्बन्धित जिल्ला सदस्य, पञ्चायत अध्यक्ष र पञ्चायत सदस्यहरू र विभिन्न योजनाका लाभार्थीहरूको उपस्थिति रहेको थियो।

**Weather: M.O Gangtok**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 10.8 डिग्री सेल्सियस र न्यूनतम तापमन 6.5 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि न्यूनतम तापमान 6 डिग्री सेल्सियस र अधिकतम तापमान 12 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।